Regd.No.: 293692/78/079

Sarvottam Paints

Sarvottam Paints Industries Ltd.
Godawari - 02, Attariya, Kailali, Nepal

Ref: Date:

# सर्वोत्तम पेन्टस् ईण्डस्ट्रिज लिमिटेडको
## पाँचौ वार्षिक साधारण सभा सम्बन्धी सूचना

आदरणीय, शेयरधनीमहानुभावहरु,

सर्वोत्तम पेन्टस् ईण्डस्ट्रिज लिमिटेडको मिति २०८३ भाद्र ३१ गते बसेको सञ्चालक समितिको ८६ औ बैठकको निर्णयानुसार देहायका विषयहरुमा छलफल तथा निर्णय गर्न निम्न मिति, समय र स्थानमा यस कम्पनीको पाँचौ वार्षिक साधारण सभा बस्ने भएकोले कम्पनी ऐन, २०६३ को दफा ६७ (२) अनुसार सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको व्यहोरा अनुरोध गरिन्छ ।

**वार्षिक साधारण सभा बस्ने मिति, स्थान र समय**

**मिति** : २०८३ आश्विन २५ गते, आइतवार (तदनुसार ११ अक्टोबर २०२६) ।

**समय** : दिउँसो १:०० बजे ।

**स्थान** : होटेल जंगल स्पा प्रा.लि. गोदावरी-०२, अत्तरिया कैलाली ।

**छलफल गर्ने विषयहरु**

**(क) सामान्य प्रस्तावहरु :**

१) कम्पनीको सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नुहुने आ.व. २०८२/०८३ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

२) लेखापरिक्षकको प्रतिवेदन सहितको २०८३ आषाढ मसान्तको वासलात, नाफा नोक्सान हिसाब, नगद प्रवाहको विवरण लगायतका वित्तीय विवरणहरु सहित अनुसूचीहरु उपर छलफल गरी पारित गर्ने ।

३) कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आर्थिक वर्ष २०८३/०८४ को लागि लेखापरीक्षकको नियुक्ति तथा निजको पारिश्रमिक निर्धारण गर्ने ।

४) कम्पनीमा कायम शेयरधनीहरुलाई आ.व.२०८२/०८३ सम्मको मुनाफा रकम बाट कम्पनीको चुक्ता पुँजी रु ३४,००,००,०००।-(अक्षरुपी रु. चौतिस करोड मात्र ) को ०.५२६३% अर्थात रु. १७,८९,४७४/- ( अक्षरेपी सत्र लाख उनानब्बे हजार चार सय चौहत्तर रुपैयाँ मात्र) नगद लाभांश (लाभांश कर प्रयोजनार्थ) वितरण गर्ने प्रस्ताव छलफल गरी पारित गर्ने सम्बन्धमा ।

५) कम्पनी ऐन, २०६३ को दफा ९३ बमोजिम यस कम्पनीका आधारभुत शेयरधनी वा सञ्चालक सम्बद्ध रहेको संस्थासंग तथा यसै संस्थासंग सम्बद्ध कंम्पनीसंग गरेको कारोबार विवरणलाई अनुमोदन गर्ने प्रस्ताव उपर छलफल गरी पारित गर्ने ।

६) संस्थापक समुहबाट ३ (तिन) जना तथा सर्वसाधरण समुहबाट १ (एक) जना सञ्चालकहरुको निर्वाचन गर्ने सम्बन्धमा ।

७) विविध

सर्वोत्तम पेन्टस् ईण्डष्ट्रिज लिमिटेड, गोदावरी-०२ अत्तरिया, कैलाली (छाप)



Regd.No.: 293692/78/079

Sarvottam Paints

Sarvottam Paints Industries Ltd.
Godawari - 02, Attariya, Kailali, Nepal

Ref: Date:

(ख) **विशेष प्रस्तावहरु :**

१) सञ्चालक समितिले प्रस्ताव गरे अनुसार शेयरधनीहरुलाई आ.व. २०८२।८३ सम्मको मुनाफा रकमबाट कम्पनीको चुक्ता पुंजी रु ३४,००,००,०००।-(चौतिस करोड (रुपैंया मात्र) को १०% का दरले हुन आउने रु ३४,००,००,००।- (तिन करोड चालिस लाख (रुपैंया मात्र) बराबरको बोनश शेयर वितरण गर्न स्वीकृती प्रदान गर्ने । र उक्त बोनश शेयर वितरण गर्दा, हुन आउने खण्डित शेयरलाई पछि समायोजन गर्ने गरी हाल यथावत राख्ने सम्बन्धमा ।

२) प्रस्तावीत बोनश शेयर वितरण गर्ने सम्बन्धी विशेष प्रस्ताव पारित भए पश्चात कम्पनीको जारी तथा चुक्ता पुँजीमा प्रभाव परी पुँजी बृद्धि हुने भएकोले सोही बमोजिम प्रबन्धपत्रमा संशोधन पारित गर्ने सम्बन्धमा ।

३) प्रबन्धपत्र र नियमावली संशोधन स्वीकृतिको क्रममा नियमनकारी निकायबाट कुनै फेरबदल, थपघट गर्न निर्देशन वा सुझाव भएमा सोही बमोजिम गर्न सञ्चालक समितिलाई वा सञ्चालक समितिले तोकेको पदाधिकारीलाई अख्तियारी प्रत्यायोजन गर्ने ।

४) कम्पनीको प्रबन्धपत्र र नियमावलीमा भएको संशोधनमा सम्बन्धित निकायबाट कुनै संशोधन फेरबदल वा थपघट गर्न कुनै सुझाव निर्देशन प्राप्त भएमा सोही बमोजिम आवश्यक संशोधन गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने सम्बन्धमा

५) विविध

सञ्चालक समितिको आज्ञाले
कम्पनी सचिव

साधारण सभा सम्बन्धि जानकारी :

१) साधारण सभामा भाग लिने प्रयोजनका लागि मिति २०८३/०६/१३ गते मंगलवार एक दिन कम्पनीको शेयरधनी दर्ता किताब बन्द (Book close) रहनेछ । नेपाल स्टक एक्सचेन्ज लि. मा शेयरधनी दर्ता किताब बन्द (Book close) हुन भन्दा अघिल्लो दिन २०८३/०५/१२ सम्म कारोबार भई शेयर खरीद गरी आफ्नो नाममा शेयर नामसारी भई आएका शेयरधनीहरुको सो सभामा भाग लिन सक्ने छन् ।

२) वार्षिक साधारणसभामा भाग लिन आउनु हुने शेयरधनी महानुभावहरुले आफ्नो परिचय खुल्ने सक्कल प्रमाण र हितग्राही खाता खोली शेयर अभौतीकरण गरिएको विवरण देखिने Demat Account Statement वा शेयर प्रमाणपत्र साथमा लिई आउन हुन अनुरोध छ ।

३) शेयरधनी महानुभावहरुको सुविधाको लागि हाजिरी पुस्तिका सभा स्थलमा बिहान १२:०० बजे देखि खुल्ला रहनेछ । साधारण सभामा भाग लिने प्रत्येक शेयरधनी महानुभावहरु वा प्रोक्सीले सभा हुने स्थानमा उपस्थित भई उक्त स्थानमा रहेको हाजिरी पुस्तिकामा दस्तखत गर्नुपर्नेछ ।

४) आर्थिक विवरण लगायतका वार्षिक साधारणसभामा पेश हुने सम्पूर्ण प्रस्तावहरु तथा साधारणसभा सम्बन्धी अन्य जानकारीको लागि कम्पनीको वेवसाइट www.sarvottampaints.com मा पनि हेर्न सक्नुहुनेछ ।

५) सभामा भाग लिनका लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनी महानुभावहरुले प्रतिनिधि (प्रोक्सी) फाराम सभा हुने दिन भन्दा कम्तिमा ४८ घण्टा अगावै अर्थात २०८३/०५/२२ गते बिहानको १०:०० बजे



Sarvottam Paints

Sarvottam Paints Industries Ltd.
Godawari - 02, Attariya, Kailali, Nepal

Ref: Date:

भित्र कम्पनीको रजिष्टर्ड कार्यालयमा दर्ता गराईसक्नु पर्नेछ । एक भन्दा बढी प्रतिनिधि (प्रोक्सी) नियुक्त भएको पाइएमा सबै भन्दा पहिला दर्ता भएको प्रतिनिधि (प्रोक्सी) मात्र मान्य हुनेछ । प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिसकेपछि सम्बन्धित शेयरधनी स्वयम् उपस्थित हुन आएमा शेयरधनीले गरिदिएको प्रतिनिधि पत्र (प्रोक्सी) स्वत: बदर हुनेछ ।

६) संयुक्त रुपमा रहेको शेयरधनीको हकमा शेयरधनीको लगत किताबमा पहिलो नाम उल्लेख भएको व्यक्तिले अथवा सर्वसम्मतिबाट प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिएको एक जना व्यक्तिले मात्र सभामा भाग लिन पाउने छ । कुनै संगठित संस्था वा कम्पनीले शेयर खरिद गरेको हकमा त्यस्ता संगठित संस्था वा कम्पनीले मनोनित गरेको प्रतिनिधिहरुले शेयरधनीको हैसियतले सभामा भाग लिन र मतदान गर्न सक्नुहुनेछ ।

७) सभाको दिन सभा शुरु हुनु भन्दा अगावै सभाकक्षमा उपस्थित भई दिनहुन सम्पूर्ण शेयरधनी महानुभावहरुलाई अनुरोध गरिन्छ ।

८) साधारणसभाको काम कारवाही तथा अन्य कार्यविधि कम्पनी ऐन, २०६३ बमोजिम हुनेछ ।

९) कम्पनीको वार्षिक साधारण सभा सम्बन्धी सूचना, सञ्चालक समितिको वार्षिक प्रतिवेदन, आर्थिक विवरणहरु निरिक्षण गर्न तथा प्रतिलिपि आवश्यक भएमा कार्यालय समय भित्र कम्पनीको रजिष्ट्रर्ड कार्यालय, गोदावरी नगरपालिका, वडा न.२, अत्तरिया कैलाली वा कम्पनीको कर्पोरेट कार्यालय, दिब्यश्वोरी प्लानिङ्ग, भक्तपुरमा सम्पर्क राख्न सकिनेछ । शेयरधनिहरुले आफ्नो प्रमाण प्रस्तुत गरी सो प्रतिवेदन लिन सक्नेछन् ।

१०) वार्षिक साधारण सभा सम्बन्धी अन्य जानकारीको लागि कम्पनीको रजिष्टर्ड कार्यालय, गोदावरी नगरपालिका, वडा नं. २, अत्तरिया, कैलाली स्थित सञ्चालक समितिको सचिवालय (टेलिफोन नं. ०९१-५५११६०) मा सम्पर्क राख्न समेत अनुरोध गरिन्छ ।

सर्वोत्तम पेन्टस् ईण्डस्ट्रिज लिमिटेड
गोदावरी नगरपालिका, वडा न.२, अत्तरिया कैलाली, नेपाल